# अन्नपूर्ण गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय

पोखरेबगर, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.सः ०७९/०८०

च.नं

मितिः २०७९।०४।०१

## मौजुदा सूचीमा दर्ता हुने बारे सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।०४।०१

यस अन्नपूर्ण गाउँपालिकाको कार्यालयका लागि आ.व ०७९/०८० मा आवश्यक पर्ने तपशिलमा उल्लेखित खरिद कार्यहरु तथा सेवा प्राप्त गर्नका लागि सार्वजिनक खरिद ऐन,२०६३ तथा नियमावली ,२०६४ को नियम १८ को प्रयोजनार्थ मौजुदा सुचि (standing list) तयार गर्नुपर्ने भएकाले उक्त कार्य गर्न इच्छुक ईजाजत प्राप्त फर्म, कम्पनी,सप्लायर्स तथा परामर्श दाताले रित पुर्वको निवेदन यस कार्यालयमा पेश गर्नु गराउनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सूचिकृत गर्नुपर्ने सेवाको विवरणः**

**क. सामान खरिद उपकरण मर्मत तथा आपुर्ती कार्य**

१. स्टेशनरी सामानहरु (मसलन्द)।
२. छपाई सम्बन्धि कार्यहरु।
३. पत्रपत्रिका तथा पुस्तकहरु।
४. निर्माण सामाग्री आपुर्ती सम्बन्धि कार्य।
५. फर्निचर तथा फिक्चर सम्बन्धि।
६. इलोक्ट्रोनिक्स उपकरणहरु (कम्प्युटर,ल्याबटप,प्रिन्टर,टोनर कार्टेज, फोटोकपी मसिन, यु.पि.एस,आदि मर्मत समेत)।
७. सवारी साधन मर्मत( मोटर तथा मोटरसाईकल) पाटपुर्जाहरु आपुर्ती समेत।
८. सानातिना निर्माण तथा मर्मत सम्भार कार्य।
९. इलेक्ट्रिकल्स सामाग्रीहरु ( सोलार सेट, ब्याट्री, सडक बत्ती सामाग्रीहरु आदि)।
१०. ह्युम पाईप, ग्याविन जालि र स्टिल पोलहरु।
११. औषधी तथा सर्जीकल यन्त्र उपकरणहरु।
१२. कृषि तथा पशुजन्य विउ, विषादी, औषधी, मल, औजार अन्य आदि।
१३. ढुवानी सेवाका कार्यहरु।

**ख. सार्वजनिक निर्माण तथा सम्भार कार्य**

१. पुर्वाधार जन्य भौतीक निर्माण ( भवन, कल्भर्ट, सडक, नाला,ढल आदि)।

**ग.सेवा कार्य**

१. सफ्टवेयर र दक्ष जनशक्ति सप्लाई सम्बन्धि।
२. खरिद बोलपत्र सम्बन्धि परामर्श
३. विभिन्न तालिम गोष्ठी आदि सञ्चालन।
४. सूचना प्रकाशन तथा प्रशारण सम्बन्धि।
५. कार्यालयलाई आवश्यक अन्य परामर्श सेवा।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. फर्म दर्ता प्रमाण पत्रको छाँया प्रति
२. गत आ.व को कर चुक्ता प्रमाण पत्रको छाँया प्रति।
३. मु.अ कर ( VAT) तथा स्थायी लेखा नं ( PAN) प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी।
४. कालो सूचीमा नपरेको स्वयं घोषणा पत्र।

माथि उल्लेखित बस्तु तथा सेवा आदिमा प्रत्येक विषयगत छुट्टाछुट्टै दरखास्त दर्ता गराउनु पर्नेछ। रित नपुगी आएको दरखास्तलाई मान्यता दिईने छैन। प्राप्त दरखास्तहरु स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित हुनेछ। यस सम्बन्धि सूचना कार्यालयको website: www.annapurnamunmyagdi.gov.npn मा हेर्न सकिन्छ।

२०७९।४।१९

प्रमुख प्रशासकीय अधिकृत